# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान

प.स:२०८०/०८१ | लुम्बिनी प्रदेश, नेपाल

च.नं:

**साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र, गैरसरकारी संघ संस्थाको लागि आशयपत्र आह्वानको सूचना**
**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०।०५।१८)**

सरुमारानी गाउँपालिकाले कृषि तथा पशु विकासको क्षेत्रमा निजी/ गैर सरकारी संघ- संस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "सरुमारानी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८०", कार्यन्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८०।०८१ देखि शुरु हुने गरी बहुबर्षीय/साल बसाली रुपमा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना साझेदारी कार्यक्रम सञ्चालनका गर्नका लागि आबश्यक योग्यता पुगेका इच्छुक निजी तथा गैरसरकारी क्षेत्रका व्यक्ति तथा संस्थाबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र आशयपत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेवसाइट https://sarumaranimun.gov.np/ बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आबश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न गाउँपालिका बाध्य हुनेछैन।

आशयपत्रका साथ पेश गर्नुपर्ने कागजातहरु:

१. आशयपत्र पेश सम्बन्धी निवेदन
२. संस्थाको दर्ता, करचुक्ता, विगत तीन बर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमति पत्र लिनुपर्नेको हकमा)
३. स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्र
४. साझेदारीको लागि आबश्यक बजेट स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्वता पत्र
५. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति
६. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति
७. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति
८. ब्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
९. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण / व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
१०. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

*सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल*
*कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np*
*Email :sarumarani2073@gmail.com*